श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

२०३३ सालको ऐन नं. ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाविपति श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

केही नेपाल ऐन खारेज गर्न बनेको ऐन

प्रस्तावना: केही नेपाल ऐनहरूलाई खारेज गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "केही नेपाल ऐन खारेज गर्ने ऐन, २०३३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२ खारेजी: देहायका नेपाल ऐनहरू खारेज गरिएका छन्:–

(१) राष्ट्रिय पञ्चायत (स्नातक प्रतिनिधित्व) ऐन, २०१९,

(२) राष्ट्रिय पञ्चायत (वर्गीय र व्यावसायिक संगठन प्रतिनिधित्व) ऐन, २०१९,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) वर्गीय तथा व्यावसायिक संगठन (निर्वाचन कार्यविधि) ऐन, २०२५,

(४) अञ्चल सभा (सभापति तथा उप–सभापति) निर्वाचन ऐन, २०२५।

३. केही नेपाल ऐन खारेज गर्ने अध्यादेश, २०३२ निष्क्रिय भएपछि त्यस्को परिणामः

केही नेपाल ऐन खारेज गर्ने अध्यादेश, २०३२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,–

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन,

(ख) सो अध्यादेशबमोजिम चालू भएको कुरा वा सोबमोजिम रीत पुऱ्याई अघि नै गरिएको अन्य कुनै काम वा भोगी सकेको कुनै कुरालाई असर पार्ने छैन,

(ग) सो अध्यादेशबमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक, सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन,

(घ) सो अध्यादेशबमोजिम गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्ने छैन,

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारवाई वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहेसरह त्यस्ता कुनै कानूनी कारवाई वा उपायलाई पनि शुरू गर्न, चालू गर्न सकिनेछ।

लालमोहर सदर मितिः– २०३३।४।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

428

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।